# विपन्न मद्यम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम कार्यविधि, २०७९

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
पशु सेवा शाखा
चरिकोट, दोलखा

# विपन्न मध्यम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम कार्यविधि, २०७९

प्रस्तावना : यस नगरमा पशुपालन व्यवसाय केहि दशक यतादेखि बढ्दै गएको परिप्रेक्षमा गुणस्तरीय पशुहरुको संरक्षण, संवर्द्धन र व्यावसायीकरण गर्न आवश्यक भएको र स्थानिय सरकारको आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा गाई संरक्षण विशेष कार्यक्रम संचालन गर्न वजेटको व्यवस्था भएको हुँदा सो रकम उपयोग गरी कार्यक्रम संचालन गर्नको लागि कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"विपन्न मध्यम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "कार्यबिधि" भन्नाले नगरपालिकाको विपन्न तथा मध्यम स्तरका र एकल महिला कृषक वर्गको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले भिमेश्वोर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भुमि वयवस्था,कृषि तथा सहकारि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(छ) "बिपन्न कृषक" भन्नाले नगरपालिका भित्र बसोवास गर्ने विपन्न तर साझेदारीमा गाई खरिद गर्न सक्ने कृषक सम्झनु पर्छ ।

(ज) **"एकल महिला"** श्रीमानको मृतु भएका, पारपाचुके भएका, ३५ वर्स उमेर पुरा भइ अविवाहित महिला, श्रीमान हराएका महिलालाई सम्झनु पर्छ ।

(झ) "विषय विज्ञ" भन्नाले गाईपालन सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा कार्यालयले आमन्त्रण गरी मूल्याङ्कन समितिसँग काम लिन सक्ने सरकारी वा गैह्रसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्छ ।

(ञ) "साझेदार" भन्नाले गाई पालक कृषक सम्झनु पर्छ ।

३. उद्देश्यःयस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

शिशिर पौडेल
प्रशासकीय अधिकृत

(क) गाईपालन व्यवसायलाई प्रोत्साहन गर्ने,

(ख) गाईपालन व्यवसायलाई उत्पादनशिल बनाई दुधको तथा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ग) रोजगारी सिर्जना गर्ने,

(घ) जिविकोपार्जनमा सुधार गर्ने,

(ङ) पशुपालनलाई निर्वाह मुखीबाट व्यावसायीकरण गर्ने।

## परिच्छेद - २

## संस्थागत व्यवस्था

४. छनौट तथा मूल्याङ्कन समितिः

(क) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारिस गर्न तपशिल बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछ ।

१.आर्थिक विकास समितिको संयोजक -संयोजक

२.कृषि शाखा प्रमुख -सदस्य

३.लेखा शाखा प्रमुख –-सदस्य

४.पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

मुल्याङ्कन समितिले बढिमा तिन जनासम्म बिषय विज्ञलाई मुल्याङ्कन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ख) मूल्याङ्कन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु अनुसुचि-४ बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

(ग) सञ्चालित कार्यको अनुगमन गरि कार्यन्वयनको सम्वन्धनमा मार्ग दर्शन र प्राविधिक सेवा दिने ।

५.अनुगमन तथा मूल्याङ्कन

यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन दफा -४ बमोजिम समिति र सम्बन्धित वडा कार्यलय, संबन्धित क्षेत्रको पशु सेवा प्राविधिक,साक्षी रहेको टोल वा सहकारि संस्थाले आवश्यकता अनुसार गर्नेछ ।सोको प्रतिवेदन कार्यलयमा पेश गर्नु परनेछ ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

परिच्छेद - ३

## कार्यक्रम संचालन प्रकृया

६.लागत साझेदारीमा गाई वितरणः यो कार्यक्रम नगरका १-९ वटै वडाका बिपन्न तथा मद्यम वर्गका गाईपालन गर्न इच्छुक कृषक मार्फत संचालन गरिने छ । कार्यालयले आर्थिक तथा प्राविधिक पक्षको अध्ययन गरी यो कार्यक्रम संचालन गर्न उपर्युक्त लागत साझेदारी गर्न सक्ने वा साझेदारीको सुनिश्चित भएका कृषक छनौट गर्ने छ ।

७.प्रस्ताव आह्वानः यो कार्यक्रम संचालनका लागि ईच्छुक कृषकले प्रस्ताव पेश गर्न १५ दिनको म्याद दिई सबै वडा र कार्यालयमा अनुसूची -१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नेछ

८.प्रस्ताव दर्ताः दफा ७ बमोजिमको समय अवधि भित्र गाई वितरण कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकले आवेदन-पत्र साथ सम्बन्धित वडा कार्यालयले दिएको सिफारिस-पत्र एवं कार्ययोजना तयार गरी कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

९.प्रस्तावको मूल्याङ्कनः दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले मूल्याङ्कनका आधार र मापदण्ड बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी प्रस्तावक साझेदार कृषकले प्राप्त गरेको प्राप्ताङ्कलाई सिल्सिलेवार राखीने छ। उक्त प्रस्तावहरु कार्यालयमा स्वीकृतार्थ पेश गर्नेछ । सोही आधारमा कार्यालयले प्रस्ताव स्वीकृत एवं छनौट गर्नेछ ।

१०.प्रस्तावकलाई जानकारीः छनौट भएका साझेदार लाई पन्ध्र दिनभित्र सम्झौता गर्न आउन कार्यालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ ।

११.सम्झौताः (१) दफा ९ बमोजिम छनौट भएका साझेदारसँग कार्यालयले अनुसुचि -५ अनुसार सम्झौता गर्ने छ ।

(२) दफा १० बमोजिमको समयभित्र सम्झौता गर्न नआउने साझेदारको छनौट स्वतः रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

(३) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा कम प्रस्ताव परी उपदफा (२) बमोजिमको अवस्था पर्न आए कार्यालयले पुनः प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(४) सम्झौता अनुरुप नगर्ने साझेदारलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(५) अनुदान प्राप्त गाई साझेदार कृषकले प्राप्त गरे पछि कम्तिमा ३ बर्ष पालन गर्नु पर्नेछ

(६) साझेदार कृषकले गाई पालन गर्न नसकेमा सम्बन्धित टोल वा सहकारि संस्थाको सिफारिसमा वडाको छनौटमा परेको वैकल्पिक कृषकलाई दिईनेछ ।

७ गाई अन्यत्रै बिक्री गरी अनुदान रकमको दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह कार्यालयले असुल/उपर गर्नेछ ।

परिच्छेद - ४

## आर्थिक पक्ष

१२.लागत सहभागीतामा वितरण सम्बन्धमाः नगरपालिकामा गाई आपुर्ति गर्न सुचिकृत फर्म वा सप्लायर्सबाट गाई खरिद गरेको आधा लागत सहभागिता रकम वा अनुदान पाउने रकम भन्दा वढि हुने रकम सम्बन्धित विक्रेताको बैंक खातामा जम्मा गरि बिल भर्पाई र गाईको

विमा गरेको कागजात कार्यलयमा पेश गरे पछि बाकी अनुदान रकममा नियमानुसार कर कट्टी गरि बिक्रेताको बैंक खातामा भुक्तानि गरिनेछ । गाइ खरीद गर्दा सम्बन्धित वडाका पशु सेवा प्राविधिकको सिफारिसका आधारमा मात्र खरिद गर्नुपर्नेछ

१३. कार्यक्रम संचालनः रकम खर्च गर्ने आधार देहाय बमोजिम हुनेछः-

| क.स. | क्रियाकलाप | अनुदान रु. | स्वलगानी रु. | जम्मा रु. | कैफियत् |
|---|---|---|---|---|---|
| १ | गाई खरिद | ४००००।- | ४००००।- | ८००००।- | |
| | जम्मा | ४००००।- | ४००००।- | ८००००।- | |

नोटः नगरले प्रदान गर्ने अनुदान रकम ४०००० भन्दा नबडने र कृषकको स्वलगानीमा दुधालु गाइ भैसी खरीद गर्दा लाग्ने लागत सम्पूर्ण कृषकले ब्योहोर्ने

१४. कार्यलयवाट दिईने कुल अनुदान रकमको १.५ प्रतिशतसम्म कन्टेन्जेसी वापत कार्यलय बजेट वाट खर्च गर्न सकिनेछ । उक्त रकम अनुगमन, प्रतिबेदन तयारी, बैठक खर्च, यतायत खर्च, खाजा खर्च, भ्रमण खर्च तथा अन्य प्रशासनिक कार्यको लागी खर्च गर्न सकिनेछ ।

१५. बिपन्न वर्गको हकमा साझेदारले वयहोर्नु पर्ने रकम अन्य कुनै संघ संस्था निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

१६. साझेदारले सम्झौतामा उल्लेखित गाई पालन कार्य कम्तिमा ३ बर्षसम्म गरनु पर्नेछ ।

## परिच्छेद - ५

## विविध

१७. बिषेश प्राथमिकता-पिछडिएको क्षेत्र तथा समुदाय बिपन्न कृषक विदेशवाट फर्केका एकल महिला, उद्यमशिल कृषकलाई बिषेश प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. कार्यक्रमको प्रभावकारिताः कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रमसँग समन्वय गरी तादम्यता कायम गर्दै दोहोरोपना नहुने गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

१९. कारबाहीको व्यवस्था -संझौता अनुरुप काम नगर्ने साझेदार कृषकलाई कार्यलयले अनुदान रोक्का गर्नेछ ।

२०. अनुदान रकम दुरुपयोग भएको पाइएमा १० प्रतिसत जरिवाना सहितअनुदान रकम असुल उपर गरिनेछ ।

२१. संशोधनः यो कार्यविधि कार्यान्वयन सम्वन्धी बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

भिमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-१

(दफा ६ संग सम्वन्धित)

अनुदान कार्यक्रममा सहभागी हुनेहरुको लागि प्रस्ताव आह्ननको सुचना

सूचना !  सूचना !!  सूचना !!!

यस नगरपालिकाको आ.व................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विपन्न मद्यम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम रहेको हुदा ईच्छुक विपन्न अति विपन्न तथा एकल महिलाहरुलाई प्रस्ताव आह्ननको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............................. दिन भित्र संक्षिप्त कार्ययोजना सहित तोकिएको ढाँचामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ। यस सम्वन्धमा थप जानकारीको लागि सम्वन्धित वडा / नगरपालिकाको पशु सेवा शाखामा सर्म्पक गर्न सक्नु हुनेछ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची २

संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचय :

२. कार्यक्रम शुरु हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मितिः

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

५. व्यवसायको आधारभूत विवरणः

| क.सं. | संचालित व्यवसायको नाम | व्यवसायबाट उत्पादन हुने मुख्य मुख्य बस्तु | उत्पादन हुने वार्षिक परिमाण | वार्षिक कारोबार रकम | व्यवसायबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. सञ्चालन गरिने क्रियाकलापको विवरण

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

अनुसूची ३

निबेदनको ढाँचा

श्री प्रमुखज्यू	मितिः

.....................................................

............................।

विषयः विपन्न मधम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण कार्यक्रम सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस भीमेश्वर नगरपालिकाले मितिः २०७९/ / गतेको प्रकाशित सूचना अनुसार यस विपन्न मधम तथा एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण कार्यक्रममा सहभागीको लागि निम्नानुसार कागजात सहित निवेदन गरेका छौ । कार्यक्रम सञ्चालनका लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

संलग्न कागजातहरु:

१. निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. अनुसूची २ अनुसार संक्षिप्त कार्ययोजनां ।
४. सम्वन्धित वडा कार्यलयको सिफारिस ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निबेदक

## अनुसूचीं ४

### दफा ४ सँग सम्बन्धित

### कृषक छनौट गर्दा अपनाइने मुल्याङ्कनका आधारहरु

| क्र. स. | दर्ता नं | आबेदकको नाम | वडा नं | कार्य योजना | सामाजिक समावेशिता | व्यवसायको संभावना | अनुभव तालिम | गोठको अबस्था | आहारा तथा घाँस | संभावना र उपयुक्तता | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ | १५ | १५ | १० | १५ | १५ | १५ | १०० |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि -५

दफा ११ सगँ संबन्धित

सम्झौता -पत्र

आ.ब. २०७९।०८० को स्विकृत विपन्न तथा मद्यम वर्ग र एकल महिला कृषकको मागमा आधारित लागत साझेदारीमा गाई वितरण अनुदान कार्यक्रम सञ्चालन गर्नको लागि मिति २०७९। । गते प्रकाशित सुचना मुताविक पेश हुन आएका आबेदन मध्ये मिति २०७९। । गतेमा बसेको छनौट समितिको बैठकबाट श्री ............................ को संक्षिप्त कार्ययोजना छनौट भएको हुदाँ कार्यलय यस भन्दा पछाडि प्रथम पक्ष भनिने र श्री .....................यस भन्दा पछाडि दोश्रो पक्ष भनिने बिच तपसिल अनुसार शर्तहरु पालना गरि गाई पालनका लागि द्धिपक्षिय सम्झौता गरी बुझिलियौं /दियौं ।

तपशिल

१.प्रस्तावित गाई पालन कार्यक्रम दोलखा जिल्ला भिमेश्वोर नगरपालिका वडा न. ... टोल...... मा बस्ने कृषक श्री ...............................को मा सञ्चालन गरिनेछ ।

२.दोश्रो पक्षले सम्झौता मितिले १५दिन भित्र सुचिकृत फर्म/ सप्लायर्सवाट कम्तिमा ५० प्रतिसत माथिको जर्सि/होलिस्ट्रिन फ्रिजन क्रस जातको १ देखि ३ बेत ब्याएको देनिक १० लिटर दुध दिने हेर्दा आकर्सक स्वस्थ्य गाई खरिद गर्नु परनेछ ।

३.दोश्रो पक्षले गाईको अनिवार्य बिमा गरि बिमाको कागज पेश गर्नु पर्नेछ ।

४.प्रथम पक्ष समक्ष दोश्रो पक्षले सम्झौता मितिले १५ दिन भित्र कार्य योजना अनुसार सुचिकृत फर्म /सप्लायर्सवाट खरिद गरेको बिल भर्पाई अनुसार कम्तिमा ५० प्रतिसत वा अनुदान रकम भन्दा बढि हुने रकम निजको बैंक खातामा जम्मा गरेको बैंक भौचर संलग्न गरि पेश गरे पछि प्रथम पक्षले अनुदान रकम बिक्रताको बैंक खातामा भुक्तानी गर्नेछ ।

५.दोश्रो पक्षले प्रथम पक्षवाट आबश्यक प्राबिधिक जानकारि लिइ आबेदन अनुसार कम्तिमा ३ बर्ष अनिवार्य गाई पालन गर्नु पर्नेछ ।

६.दोश्रो पक्षलाई कावु बाहिरको अबस्था परेमा प्रथम पक्षको लिखित स्विकृतमा स्थान परिवर्तन गर्न सक्नेछ ।

७.प्रथम पक्षको तर्फवाट समय समयमा गरिने अनुगनमा, निरिक्षण, भ्रमणमा दोश्रो पक्षले सहयोग गर्नु पर्नेछ ।

८.दोश्रो पक्षले सम्झौता मुताविक कार्य नगरेमा प्रथम पक्षले जुन सुकै समय एकतर्फी रुपमा सम्झौता भंग गरि अनुदान रकम सरकारि बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

९.यस सम्झौता उल्लेखित काम गर्दा परि आउने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकश्मिक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित नियम कानुन र दुबै पक्षको आपलस सहमति अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| रोहबरः | रोहबरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अ...

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश
२०७३